# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ
सदस्य : श्री सीता मण्डल सत्याल
सदस्य : श्री रत्नलाल श्रेष्ठ

बाट भएको निर्णय

मुद्दा नं. : ०८२-०१-००७

निर्णय नं. २४

दायरी मिति : २०८२/१०/०८

निर्णय मिति : २०८३/०२/२०

| | |
|---|---|
| विरमान महर्जनको नाती, बुद्धविर महर्जनको छोरा काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ९ बस्ने वर्ष ७४ सिंह बहादुर महर्जन ......................१ | फिरादी<br>वादी |

विरुद्ध

| | |
|---|---|
| विरमान महर्जनको नाती, बुद्धविर महर्जनको छोरा काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ९ बस्ने वर्ष ६४ को गुण्डा महर्जन ........................१ | प्रतिउत्तरकर्ता<br>प्रतिवादी |

**मुद्दा : घर खाली गराई चलन चलाई न्याय गरी पाउँ ।**

**वादीको साक्षी :**

क) .....................

**प्रतिवादीको साक्षी :**

क) .................

**प्रमाणः**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी .....१

ख) घर जग्गाधनी पुर्जाको प्रतिलिपी ....................१

ग) मिति २०८२/०९/०८ गतेको निवेदनको प्रतिलिपी ..............................................१

घ) मिति २०८२/१०/०४ गतेको सिफारिस पत्रको प्रतिलिपी ..............................................१

ङ) सर्भे नापी नक्साको प्रतिलिपी .....................१

**प्रमाण :**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ..........१

ख) श्री सर्बोच्च अदालतको फैसलाको प्रतिलिपी .........१

ग) श्री सर्बोच्च अदालतमा अंश मुद्दाको पुनरावेदन पत्रको प्रतिलिपी ......................................................१

घ) मिति २०६५/१२/१७ मा भएको नाप नक्सा मुचुल्काको प्रतिलिपी प्रतिलिपी ............................१

१

च) मालपोत तिरेको रसिदको प्रतिलिपी ........... १

ङ) मिति २०६६/१०/०३ मा भएको बण्डा मुचुल्काको प्रतिलिपी ....................................................१

च) मिति २०६९ सालको दु.दे.नं. ०४०५३ मुद्दामा विपक्षीको प्रतिउत्तर पत्रको प्रतिलिपी ..................१

छ) मिति २०५८/१२/०१ मा बिद्युत जडान गर्न विपक्षीले दिएको स्वीकृतीको प्रतिलिपी ............................१

ज) वादी हरिकृष्ण महर्जन र प्रतिवादी म समेत भई चलेको घर भत्काई पाउँ, बहाल भराई पाउँ मुद्दाको फैसलाको प्रतिलिपी ....................................................१

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

न्यायिक समितिबाट बुझेको :

**साक्षी :**

**प्रमाणहरू :**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. काठमाडौ जिल्ला साविक मच्छेगाउँ गा.वि.स. वडा नं.९/ङ को कि.नं. को जग्गा साविक कि.नं. ५७ बाट कित्ता काट भई कायम भएको कि.नं. १६८ र १७० को क्षेत्रफल क्रमशः ०-१४-१-३ र ०-४-१-२ जग्गा मेरो नामम कित्ताकाट भइ दर्ता श्रेस्ता प्रमाणित कायम भएको जग्गा हो । उक्त कि.नं. को जग्गामा म राष्ट्र बैंकमा बहाल रहँदा सञ्चय कोषबाट ऋण लिई घर टहरा निर्माण गरे पश्चात मेरो भाई विपक्षी गुण्डा कान्छा महर्जनको बसोबास गर्नको लागि दिनुहोस् भनि मलाई अनुरोध गरेकोले कान्छो भाई भएको नाताले विपक्षीलाई बस्न मैले दिएकोमा निजको व्यवहार संविधानको धारा २५ ले प्रदान गरेको अधिकारबाट बन्चित गर्ने कार्य भएकोले मैले घर खाली गरीदिन पटक-पटक अनुरोध गर्दा अटेर गरी बसेकोले मिति २०८२/०९/०७ मा चन्द्रागिरि नगरपालिका ९ नं. वडा कार्यालयमा दर्ता भएको निवेदनमा वडा कार्यालयमा मिति २०८२/१०/०२ मा वडा अध्यक्षको रोहवरमा बसी छलफल गर्दा मेलमिलाप हुन नसकि विपक्षीले घर खाली गर्न अस्विकार गरेकोले मुलुकी देवानी संहिता, २०७४ को दफा २७६(१), (३), २७७ र २८७ बमोजिम विपक्षीलाई घरबाट निकाली घर खाली गराई चलन समेत चलाई पाउँ भनी वादी सिंह बहादुर महर्जनको फिराद दावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

हामी चार दाजुभाईको बिच अंश मुद्दामा सिंहबहादुर महर्जन र हरिकृष्ण महर्जनको नाम दर्ता रहेको कि.नं. ५७ र ५८ मा बनेको घरहरूले चर्चेको जग्गा बाहेक बण्डा लाग्ने गरी मिति २०६३/११/०९ मा फैसला भई सो फैसला अनुसार मिति २०६५/१२/१७ मा अदालतबाट नाप नक्सा मुचुल्का गरी मिति २०६६/१०/०३ मा बण्डा मुचुल्का भए बमोजिम मालपोत कार्यालय, कलंकीबाट जग्गा दा.खा. श्रेस्ता पूर्जा बनेको हो । मिति २०६३/११/०९ को सर्बोच्च अदालतको फैसला बमोजिम

कि.नं. ५७ को सिंह बहादुरको नाउँमा दर्ता जग्गामा बनेको घरले चर्चेको जग्गा एकिन गर्न
अदालतको आदेशानुसार मिति २०६५/१२/१७ मा स्थानीय भद्र भलादमी र गा.वि.स. को रोहवरमा
नक्सा मुचुल्का गरी घर र घरले चर्चेको जग्गा छुट्याई सो बमोजिम न.नं. ८ र २२ को घर गुण्डा
कान्छा महर्जनले बनाई निजको हकभोग गरी आएको छ भनि यि विपक्षले जिरह गरी वकेका छन्
भने सोहि कि.नं. मा मौखिक स्विकृतीमा भाई गुण्डाकान्छा महर्जनले आफ्नो खर्चमा बोर्डिङ स्कुल
निर्माण गरी सञ्चालन गर्दै आईरहेको छ। मैले मिति २०४४ साल माघको श्री पञ्चमीमा साईत
गरी घर बनाई भोग गरी बसोबास गरी आएकोमा बसी आएको घरबाट उठाउने अधिकार
विपक्षीलाई छैन । काठमाडौं जिल्ला अदालतबाट मिति २०५८/०५/२८ को नक्साले अझ प्रष्ट
पारेको छ । प्रमाण ऐन, २०३१ को दफा ३४ ले उक्त न.नं. ८, २२, १४, १५ र १६ हाल कायम
भएको कि.नं. १६८ र १७० को घरजग्गाको सम्बन्धमा विपक्षी विबन्धीत छन् भनी प्रतिउत्तर
लगाएको पाईन्छ । अंश चलन मुद्दामा गुण्डाकान्छा महर्जनले बनाई निजको हकभोग गरी आएको
भनी मैले जिरहमा लेखाएको सत्य तथ्य कुरालाई यि विपक्षीले अन्यथा भन्न सकेको अवस्था उसै
बखत पनि थिएन । निजको विपक्षीको लिखित मन्जुरीनामाले मिति २०५८/१२/०१ मा विद्युत
जडान समेत गरीएको हो । म प्रतिवादीको लगानी निर्भरता पक्षहरूको अदालत समक्ष जिरह
मार्फत गरेको लिखित स्विकृतीबाट उत्पन्न विवाद हो । ने.का.प. २०६५ अंक ३ नि.नं.७९३९ पुर्ण
ईजलाशबाट जग्गाको वास्तविक स्वामी अर्थात् बैध स्वामित्वाला (Legal Title) बाहेकको व्यक्तिले
सो जग्गा आफ्नो हकको हैसियतमा खुला रूपमा भोग गर्दछ र त्यस्तो भोगको जानकारी बैध
स्वामित्वालालाई हुँदाहुँदै पनि भोगलाई मौन स्वीकृति प्रदान गरेको अवस्थालाई प्रतिकूल भोगको
अवस्था भनि बुझ्नु पर्ने । आफ्नो जग्गा अर्काको जग्गाभित्र घुसेको भन्ने थाहा पाएर पनि लामो
समयसम्म भोग गर्न दिइरहनु, अरुको जग्गामा कसैले आफ्नो हो भनी घर निर्माण गरी वा अन्य
प्रकारबाट भोग गरेको कुरा थाहा पाएर पनि वास्तविक बैध स्वामित्ववालाले भोगलाई स्वीकार गरी
बस्नुलाई प्रतिकूल भोगको रूपमा लिइने । मुलुकी देवानी संहिता, २०७४ को दफा २६९, २७१,
२७३, २७९ प्रमाण ऐन, २०३१ को दफा ९(३), (क) र (घ) बमोजिम प्रतिवादीले जिरह मार्फत
अदालत समक्ष बकेको तथ्य प्रमाणमा लिन मिल्ने हुन्छ । नेपालको संविधानको धारा ३७ ले प्रदत्त
आवासको हक र आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा (३) बाट मलाई
बन्चित गर्न मिल्दैन । वादी हरिकृष्ण महर्जन र प्रतिवादी म समेत भई चलेको घर भत्काई पाउँ,
बहाल भराई पाउँ मुद्दामा वादी दावी नपुग्ने गरी फैसला भई अन्तिम भई यसबाट उक्त घर
विपक्षीले बनाएको नभई मेरो खर्चबाट बनाएकोले मेरा विरुद्ध मुद्दा गरेको हो भन्ने तथ्य स्थापित
हुन्छ । साविक मुलुकी ऐनमा घर बनाउनेको महल अनुसार मैले घर विपक्षीको सहमतीले बनाई
बसोबास गरी खाईपाई आई भोगाधिकार गरी सकेको मेरो अधिकारमा कुनै असर पार्न नसक्ने भई
उक्त तथ्यलाई प्रमाण ऐन, २०३१ को दफा ५ उल्लेखित विषयहरू न्यायिक जानकारीमा लिनुपर्ने
देखिन्छ । हदम्याद भित्र प्रस्तुत फिराद नपरेको हुँदा चन्द्रागिरि नगरपालिका न्यायिक समिति (
कार्यविधी सम्बन्धी) ऐन, २०७५ को दफा २७ र मुलुकी देवानी कार्यविधी संहिता ऐन, २०७४ को
दफा १३२ बमोजिम प्रारम्भीक सुनुवाई गरी खारेज गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी गुण्डा
कान्छा महर्जनको प्रतिउत्तर जिकिर रहेको छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

वादी सिंह बहादुर महर्जनले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, घर जग्गाधनी पुर्जाको
वादी सिंह बहादुर महर्जनले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, घर जग्गाधनी पुर्जाको निवेदनको प्रतिलिपी, मिति २०८२/१०/०४ गतेको
प्रतिलिपी, मिति २०८२/०९/०८ गतेको

सिफारिस पत्रको प्रतिलिपी, सर्भे नापी नक्साको प्रतिलिपी र मालपोत तिरेको रसिदको प्रतिलिपी प्रमाणको रुपमा राख्नु भएको देखिन्छ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

प्रतिवादी गुण्डा महर्जनले श्री सर्बोच्च अदालतको संयुक्त इजलासबाट २०६१ सालको दे.पु.नं. ५१५९, अंश चलन मुद्दामा पुनरावेदक विपक्षी सिंह बहादुर महर्जनको नाम दर्ताको कि.नं. ५७ को घरहरू र पुनरावेदक वादी हरिकृष्ण महर्जनको नाम दर्ताको कि.नं. ५८ को घर तथा उक्त घरहरूले चर्चेको जग्गा बाहेक तायदातीमा उल्लेखित अन्य सम्पूर्ण सम्पत्तिबाट वादीले दावी बमोजिम ४ भागको १ भाग अंश पाउने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०६१/०८/०८ को फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। प्रमाणको अभावमा वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी भएको फैसला। श्री काठमाडौँ जिल्ला अदालतबाट अंश चलन मुद्दामा प्रतिवादी सिंह बहादुर महर्जनको जिरह भनी नक्सामा उल्लेखित न.नं. ८ र २२ मा भएको घर राख्दा गुण्डा कान्छा महर्जनले बनाएको र हाल निजले नै हक भोग गरेको भनी मिति २०६५/१२/१७ मा अदालतको डोर मुचुल्कालाई स्वीकार गरी बसेको देखिन्छ। श्री का.जि.अ. मा पेश गरेको २०६९ सालको दु.दे.नं. ०४०५३ दुषित निर्णय बदर दर्ता कायम मुद्दामा वादी सिंह बहादुर महर्जनले उल्लेखित मितिमा भएको न.नं. ८ र २२ को घर उक्त अंशचलन मुद्दाको प्रतिवादी मध्येका गुण्डाकान्छा महर्जनले बनाएको र निजले नै हक भोग गरी आएको छ भनी मैले जिरहमा लेखाएको सत्यगत तथ्य कुरालाई यि विपक्षीले अन्यथा भन्न सकेको अवस्था उसै बखत पनि थिएन। विबादित विषयको मूल स्रोत अंश मुद्दाको फैसला र सो फैसला कार्यान्वयन गर्ने क्रममा भएको नक्सा मुचुल्का र मिति २०६६/१०/०३ मा भएको बण्डा मुचुल्का अनुसार भएको। नेपाल विद्युत प्रधिकरणमा मिति २०५८/१२/०१ मा विद्युत सप्लाईको निमित्त आवेदनमा काठमाडौँ जिल्ला साविक मच्छेगाउँ गा.वि.स. वडा नं. ८ को जडान हुने स्थानमा विवरण (घर पसल इत्यादि) घर तल्ला संख्या दुई (२) तल्ला, जम्मा कोठा दश (१०) वटा जनाईएको र विद्युत जडानको किसिमा गृहस्थ समेत उल्लेख गरी सिंह बहादुर महर्जनले विजुली वत्ती जडान गर्न सहमति दिई प्रधिकरणलाई अनुरोध समेत गरी सोही बमोजिम विजुली वत्ती जडान गरी सञ्चालनमा आएको देखिन्छ। सम्मानित सर्वोच्च अदालतबाट नि.नं. ७९३९ को निर्णय दर्ता बदर गरी दर्ता गरिपाउँ मुद्दामा जग्गाको वास्तविक स्वामी अर्थात बैध स्वामित्ववाला वाहेकको ब्यक्तिले सो जग्गा आफ्नो हकको हैसियतमा खुला रुपमा भोग गर्दछ र त्यस्तो भोगको जानकारी बैध स्वामित्ववालालाई हुँदा हुँदै पनि भोगलाई मौन स्विकृति प्रदान गरेको अवस्थालाई प्रतिकुल भोगको अवस्था भनी बुझ्नु पर्ने भनी सिद्धान्त प्रतिपाद भएको देखिन्छ। विवादको जग्गा नियमित रुपमा हालसम्म पनि गुण्डा कान्छा महर्जनको निरन्तर भोग रहेको देखिन्छ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीले मेरो घरबाट प्रतिवादी गुण्डा महर्जनलाई घरबाट हटाई घर खाली गराई पाउँ भनि राख्नु भएको कुरा सुनियो।

प्रतिवादीले वादी सिंह बहादुर महर्जनले मिति २०६५/१२/१७ मा अदालतको डोर मुचुल्कामा गुण्डा कान्छा महर्जनले न.नं. ८ र २२ मा भएको घर बनाएको र निजले नै हकभोग गरी आएकोलाई स्वीकार गरी नेपाल विद्युत प्रधिकरणबाट लाइन जडान गर्न समेत सहमति मञ्जुरी

दिई दाइको सल्लाह अनुसार मैले सम्पूर्ण लगानी गरी घर र स्कूल निर्माण गरी सञ्चालनमा रहेको छ म मेरो आफ्नो घर किन खाली गर्ने भनि राख्नु भएको कुरा सुनियो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

घर खाली गराई चलन चलाई दिनुपर्ने हो होइन भन्ने विषयमा मुख नमिलेको देखिन आयो ।

**निर्णय खण्ड:**

नियम बमोजिम पेशी सूचीमा चढि इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी हेर्दा वादीको दावी बमोजिम प्रतिवादीलाई घर खाली गराई चलन चलाई दिनुपर्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो । निर्णय तर्फ बिचार गर्दा काठमाडौं जिल्ला साविक मच्छेगाउँ गा.वि.स. वडा नं.९/ङ को कि.नं. को जग्गा साविक कि.नं. ५७ बाट कि.नं. १६८ र १७० को क्षेत्रफल क्रमश: ०–१४–१–३ र ०–४–१–२ जग्गा मेरो नाममा कित्ताकाट भई दर्ता श्रेस्ता प्रमाणित कायम भएको जग्गाबाट विपक्षीलाई मुलुकी देवानी संहिता, २०७४ को दफा २७६(१), (३), २७७ र २८७ बमोजिम घरबाट निकाली घर खाली गराई चलन समेत चलाई पाउँ भन्ने वादी सिंह बहादुर महर्जनको माग दावी रहेकोमा श्री काठमाडौं जिल्ला अदालतबाट भएको नक्सा मुचुल्कामा जिरह गर्दा यी वादीले विवादित कित्ता नं. मा बनेको घर गुण्डा कान्छा महर्जनले बनाई निजको हकभोग गरी आएको छ भनी लेखाइ दिनु भएको समेत आधारमा फिराद माग दावी बमोजिम घर खाली गराउनु पर्ने होइन । फिराद खारेज गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी गुण्डा कान्छा महर्जनको प्रतिउत्तर जिकिर रहेको छ ।

प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ज) बमोजिम न्यायिक समितिबाट सुनुवाई गर्न सकिने नै हुँदा यस विवादमा समितिको मिति २०८२/११/१३ गतेको आदेशानुसार नगरपालिकाको मेलमिलाप केन्द्रमा पटक पटक विभिन्न चरणमा छलफल हुँदा समेत पक्षहरू बिचमा मेलमिलापको वातावरण हुन नसकेको भनि मेलमिलाप केन्द्रको दर्ता नं. ७३६९ मिति २०८३/०२/०८ मा प्राप्त भएको प्रतिवेदनबाट मेलमिलाप हुन नसकेको र पुन: मेलमिलापको प्रयास गर्दा समेत मेलमिलाप हुन सकेन । प्रस्तुत विवादमा विपक्षी सिंह बहादुर महर्जनको पारिवारिक सहमति समझदारीमा आफ्नो निजी खर्चमा पक्कि ढलान भएको घर निर्माण गरी सो घरमा उज्यालोको लागि विजुली बत्ती जडान गर्न भाई गुण्डा महर्जनलाई लिखित मन्जुरीनामामा स्वीकृती जनाई मिति २०५८/१२/०१ मा नेपाल विद्युत प्राधिकरणबाट बिजुलीको लाइन जडान गरी उपभोग गर्दै विवादित कित्ता जग्गामा बनेको घरमा लामो समय देखि निरन्तर रुपमा नै बसोबास गरी आईरहेको देखन्छ । प्रस्तुत विवादमा सिंह बहादुर महर्जन समेत भएको अंश चलन मुद्दामा श्री काठमाडौं जिल्ला अदालतबाट मिति २०६५/१२/१७ मा नक्सा मुचुल्कामा घरले चर्चेको जग्गा छुट्याई सो बमोजिम न.नं. ८ र २२ मा बनेको घर गुण्डा कान्छा महर्जनले बनाई निजको हकभोग गरी आएको छ भनि यि विपक्षीले जिरह गरी प्रस्ट लेखिएको हुँदा अदालतबाट घरले चर्चेको जग्गा बाहेकका सम्पत्ती बण्डा हुने गरी फैसला भई सो फैसला नियमित अदालतमा मुद्दा परी तह तह हुँदै श्री सर्वोच्च अदालतबाट समेत सुरु सदर फैसला भई कार्यान्वयन गरी अन्तिम भएको देखिन्छ । उक्त फैसला बमोजिम साविकको कि.नं. ५७ मा बनेको घरजग्गा यि वादी सिंह बहादुर महर्जनको हो भनी मान्न सक्ने कानूनी आधार देखिएन । यसै गरी सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६५ अंक ३ नि.नं. ७९३९ मा प्रतिपादन भएको नजिर समेतको आधारमा वादी दावी बमोजिम घर खाली गराइ माग्ने फिराद

दावी पुग्न सक्ने अवस्था देखिएन । अतः उल्लेखित आधार कारण बमोजिम वादी दावी पुग्न नसक्ने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

**तपसिल खण्ड :**

(क) माथि निर्णय खण्डमा लेखिए बमोजिम वादीको फिराद दावी पुग्न नसक्ने भएकोले वादीलाई यस समितिबाट भएको निर्णयमा चित्त नबुझे श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम ३५ दिने पुनरावेदनको म्याद दिनु .............................................................................. १

(ख) सरोकारवाला पक्षले मिसिलको नक्कल माग्न आएमा नियमानुसार लाग्ने दस्तुर लिई नियमानुसार नक्कल दिनु ..............................................................................२

(ग) प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी निर्णयको विद्युतीयप्रति नगरपालिकाको वेवसाइट प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनु । ..................................३

| | | |
|---|---|---|
| २०८३।२।२० | २।२० | २०८३।२।२० |
| रत्नलाल श्रेष्ठ | सीता मण्डल सत्याल | बसन्ती श्रेष्ठ |
| सदस्य | सदस्य | संयोजक |

**निर्णय तयार गर्न सहयोग पुर्‍याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०८३ साल जेठ महिना २० गते रोज ०४ शुभम् ............................